# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, भदौ २ गते, २०७६ साल (अतिरिक्ताङ्क ९

## भाग ५

नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

**राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६**

राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ को दफा २ मा संशोधन</u> : राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) "विशिष्ट व्यक्ति" भन्नाले देहायका अति विशिष्ट तथा विशिष्ट व्यक्ति सम्झनु पर्छ :-

(१) अति विशिष्ट व्यक्तिः

(क) राष्ट्रपति,

(ख) उपराष्ट्रपति,

(ग) प्रधानमन्त्री,

(घ) प्रधान न्यायाधीश,

(ङ) प्रतिनिधि सभाको सभामुख,

(च) राष्ट्रिय सभाको अध्यक्ष,

(छ) पूर्व राष्ट्रपति,

(ज) पूर्व उपराष्ट्रपति,

(झ) पूर्व प्रधानमन्त्री ।

(२) विशिष्ट व्यक्तिः

(क) उपप्रधानमन्त्री,

(ख) प्रदेश प्रमुख,

(ग) नेपाल सरकारको मन्त्री,

(घ) प्रदेश सरकारको मुख्यमन्त्री,

(ङ) प्रतिनिधि सभाको उपसभामुख,

(च) राष्ट्रिय सभाको उपाध्यक्ष,

(छ) नेपाल सरकारको राज्यमन्त्री,

(ज) संवैधानिक निकायका प्रमुख,

(झ) प्रदेश सभाका सभामुख,
(ञ) नेपाल सरकारको सहायक मन्त्री,
(ट) प्रदेश सरकारको मन्त्री,
(ठ) प्रदेश सभाका उपसभामुख,
(ड) प्रदेश सरकारको राज्यमन्त्री,
(ढ) नेपाल सरकारको मुख्य सचिव,
(ण) प्रधानसेनापति,
(त) प्रदेश सरकारको सहायक मन्त्री,
(थ) संवैधानिक निकायका सदस्य तथा आयुक्तहरू ।"

३. <u>मूल कार्यविधिको दफा ३ मा संशोधन</u> : मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपालको संविधानको धारा ८ को उपधारा (१) मा उल्लेख भए बमोजिम सिम्रिक रङ्गको भुइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमध्ये आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।"

(२) उपदफा (२) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरूको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरू राखिएका छन् ।

४. <u>मूल कार्यविधिको दफा ५ मा संशोधन</u> : मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ग) मा रहेको "र" भन्ने अक्षर झिकिएको छ ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) प्रतिनिधि सभाको सभामुख, र"

(ग) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) राष्ट्रिय सभाको अध्यक्ष ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपप्रधानमन्त्री, प्रदेश प्रमुख, नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, नेपाल सरकारको राज्यमन्त्री, प्रदेश सभाको सभामुख, नेपाल सरकारको सहायक मन्त्री, प्रदेश सरकारको मन्त्री, प्रदेश सरकारको उपसभामुख, प्रदेश सरकारको राज्यमन्त्री र प्रदेश सरकारको सहायक मन्त्रीले निजी काममा बाहेक सरकारी कामको सिलसिलामा चढेको सरकारी सवारी साधन वा उपदफा (२) बमोजिम नम्बर प्लेट रहेको सरकारी सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउनेछन् ।"

५. <u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u> : (१) मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) देहायमा उल्लेख भएका कार्यालयका भवन वा परिसरमा दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको राष्ट्रिय झण्डा राख्नु पर्नेछ :-

(क) राष्ट्रपतिको कार्यालय,

(ख) उपराष्ट्रपतिको कार्यालय,

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(घ) सर्वोच्च अदालत,

(ङ) प्रतिनिधि सभा,

(च) राष्ट्रिय सभा,

(छ) उपप्रधानमन्त्रीको कार्यालय,

(ज) प्रदेश प्रमुखको कार्यालय,

(झ) मन्त्रालय वा विशिष्ट श्रेणीको कर्मचारी रहने कार्यालय,

(ञ) प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालय,

(ट) प्रदेश सभा,

(ठ) संवैधानिक निकाय,

(ड) महान्यायाधिवक्ताको कार्यालय,

(ढ) प्रदेश सरकारको मन्त्रालय,

(ण) विदेशस्थित नेपाली राजदूतावास तथा अन्य कूटनीतिक नियोग,

(त) नेपाल राष्ट्र बैङ्कको केन्द्रीय कार्यालय,

(थ) उच्च अदालत,

(द) जिल्ला समन्वय समितिको कार्यालय,

(ध) जिल्ला अदालत,

(न) जिल्ला प्रशासन कार्यालय,

(प) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय,

(फ) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय भवन तथा आगमन कक्षका भवन, र

(ब) विदेशबाट नेपालभित्र प्रवेश गर्ने राजमार्ग, जलमार्ग, सडक, गोरेटो, घोडेटोमा सबै भन्दा पहिलो स्थानमा पर्ने जुनसुकै निकाय अन्तर्गतको भए पनि पहिलो सरकारी कार्यालय, प्रहरी चौकी वा पोष्ट ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) कानून बमोजिम स्थापना भएका सङ्घ संस्थाले आफ्नो कार्यालयको परिसरभित्र दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको राष्ट्रिय झण्डा राख्न सक्नेछन् ।"

६. <u>मूल कार्यविधिको दफा ७ मा संशोधन</u> : मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक कानून बमोजिम स्थापना भएका सङ्घ संस्थाका प्रमुखले समेत आफ्नो कार्यकक्षभित्र दफा ४ को

उपदफा (१) को खण्ड (ग) बमोजिमको राष्ट्रिय झण्डा राख्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेका "(क) देखि (ध) सम्मका" भन्ने शब्दहरूको सट्टा "(क) देखि (प) सम्मका" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक कानून बमोजिम स्थापना भएका सङ्घ संस्थाका प्रमुखले आफ्नो कार्यकक्षभित्रको टेबुलमा राष्ट्रिय झण्डा राख्न चाहेमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा आफ्नो टेबुलको दायाँपट्टि राख्न सक्नेछ ।"

(४) उपदफा (६) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ।

(५) उपदफा (१३) मा रहेका "(क) देखि (ध) सम्मका" भन्ने शब्दहरूको सट्टा "(क) देखि (प) सम्मका" भन्ने शब्दहरू राखिएका छन् ।

७. <u>मूल कार्यविधिको दफा १४ मा संशोधन</u> : मूल कार्यविधिको दफा १४ को उपदफा (१) मा रहेका "नेपाल सरकारका" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "संविधान सभाका अध्यक्ष, प्रधान न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "प्रधान

न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल कार्यविधिको दफा १७ मा संशोधन : मूल कार्यविधिको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. अनुगमन गर्ने : (१) प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस कार्यविधि बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने क्रममा कसैले राष्ट्रिय झण्डाको प्रयोग मर्यादा विपरीत गरेको पाईएमा प्रमुख जिल्ला अधिकारीले मर्यादा अनुसार प्रयोग गर्न लगाउन वा सो को प्रयोगमा रोक लगाउन सक्नेछ।"

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३